विद्यार्थीहरूद्वारा संकलित प्लाष्टिकजन्य फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०८।२४
प्रकाशित मिति : २०८०।०८।२८

प्रस्तावना: वातावरण प्रदूषण कम गर्न, सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गर्न, विद्यार्थी जीवनदेखि नै प्लाष्टिकजन्य फोहोरमैलाको व्यवस्थापनमा प्रोत्साहन गर्न तथा विद्यार्थीहरुलाई परिश्रमी भावना विकास गर्नुका साथै विद्यालय क्षेत्रलाई प्लाष्टिकजन्य फोहोरमैला रहित बनाउने उद्देश्यका लागि फेदीखोला गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत विद्यार्थीद्वारा प्लाष्टिकजन्य फोहोरमैला संकलन गरी उक्त फोहोरको उचित व्यवस्थापन गर्न नेपाल सरकारद्वारा जारी **फोहोरमैला व्यवस्थापन ऐन, २०६८** को दफा ५१ को उपदफा (२) र **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ उपदफा (१) को प्रयोग गरी फेदीखोला गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"विद्यार्थीहरुद्वारा संकलित प्लाष्टिकजन्य फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विद्यालय" भन्नाले फेदीखोला गाउँपालिका अन्तर्गत सञ्चालित विद्यार्थी अध्ययनरत विद्यालय भन्ने सम्झनुपर्दछ।

(ख) "प्रधानाध्यापक" भन्नाले विद्यार्थी अध्ययनरत विद्यालयको प्रधानाध्यापक सम्झनुपर्दछ।

(ग) "फोहोर" भन्नाले विद्यालय वरपर छरिएर रहेका र आफ्नो घर वरपर रहेका विद्यार्थीद्वारा संकलित प्लाष्टिजन्य सुख्खा र धुलो रहित फोहोर भन्ने सम्झनुपर्दछ।

(घ) "कार्यालय" भन्नाले फेदीखोला गाउँ कार्यपालिकाको कार्यालय भन्ने सम्झनुपर्दछ।

(ङ) "प्राविधिक समिति" भन्नाले यस कार्यविधिको दफा ७ अनुसार गठित फोहोरमैला व्यवस्थापन समिति सम्झनुपर्दछ।

(च) "विसर्जन" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनुपर्दछ।

(छ) "फोहोरमैला संकलन" भन्नाले विद्यार्थीको घरबाट र विद्यालयमा संकलन गरिएका र गरिने प्लाष्टिकजन्य फोहोर सम्झनुपर्दछ।

परिच्छेद-२

फोहोरमैला व्यवस्थापन संकलन सम्बन्धी व्यवस्था

३. **फोहोरमैला संकलन गर्न सकिने:** (१) फेदीखोला गाउँपालिका अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले आफ्नो घरमा प्रयोग गरिएका प्लाष्टिजन्य फोहोर अभिभावकको समन्वयमा फेदीखोला गाउँपालिकाले उपलब्ध गराएको बोरामा संकलन गर्न सक्नेछन्।

(२) विद्यालयमा प्रयोग गरिएको फोहोर फेदीखोला गाउँपालिकाबाट विद्यालयलाई उपलब्ध गराएको बोरामा कक्षागत रुपमा संकलन गर्न सक्नेछन्। संकलित फोहोरको उचित व्यवस्थापन गरी राख्ने जम्मेवारी सम्बन्धित विद्यालयका प्रधानाध्यापकको निर्देशनमा सबै शिक्षक कर्मचारीको हुनेछ।

४. **फोहोरमैला संकलनमा प्रोत्साहन स्वरुप विद्यार्थीलाई रकम उपलब्ध गराउने विधि:** (१) विद्यार्थीले विद्यालय र आफ्नो घरमा संकलन गरेको फोहोर गाउँपालिकाबाट प्रत्येक वर्षको वातावरण दिवस जुन ५ र माघ महिनाको १ गते गरी वर्षको दुई पटक सम्बन्धित विद्यालयमा गई तौलिएर तौलको आधारमा फोहोरमैला व्यवस्थापन समितिले निर्णायानुसार पुरस्कार रकम तोकिनेछ।

५. **विद्यार्थीले पुरस्कार वापत प्राप्त रकम साझेदारीमा सञ्चालित खातामा निकासा गर्ने सम्बन्धी व्यवस्था:** (१) फेदीखोला गाउँपालिकाले फोहोरमैला संकलनमा विद्यार्थीले प्रोत्साहन स्वरुप प्राप्त रकम व्यक्तिगत रुपमा घरमा संकलित फोहोर वापतको रकम फेदीखोला गाउँपालिका र सम्झौता गरिएको सेवाप्रदायक संस्थाको साझेदारीमा सञ्चालित विद्यार्थीको खातामा रकम जम्मा गर्न सक्नेछ।

(२) विद्यार्थीहरुद्वारा विद्यालयमा कक्षागत रुपमा संकलन गरिएको फोहोरको प्रोत्साहन रकम कक्षागत रुपमा एकमुष्ट विद्यार्थीलाई प्रत्यक्ष रुपमा प्रदान गरिनेछ।

६. **फोहोरमैला ढुवानी सम्बन्धी व्यवस्था:** (१) विद्यालयमा संकलित फोहोर गाउँपालिकाले दफा ४ को उपदफा (१) मा उल्लेखित समयमा विद्यालयमा पुगी तौलिएर तोकिए बमोजिमको व्यवस्थापन केन्द्रसम्म लैजानको लागि ढुवानीको व्यवस्था गर्नेछ।

परिच्छेद-३

फोहोरमैला व्यवस्थापन समिति

७. **फोहोरमैला व्यवस्थापन प्राविधिक समिति:** (१) फोहोरमैला व्यवस्थापन गर्नका लागि फेदीखोला गाउँपालिकाले देहाय बमोजिमको ३ सदस्यीय एक समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(ग) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

(२) फोहोरमैला व्यवस्थापन प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) फोहोरमैला व्यवस्थापनका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी स्वीकृतिका लागि पेश गर्ने।

(ख) विद्यालय र विद्यार्थीको घरमा उत्पादन हुने फोहोरमैला व्यवस्थापनको अनुगमन, मूल्याङकन र समीक्षा गर्ने।

(ग) फोहोरमैला व्यवस्थापन र प्लाष्टिकजन्य फोहोर व्यवस्थापन विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने।

(घ) संकलित फोहोरहरुको उपयुक्त वर्गीकरण गरी फोहोर व्यवस्थापन केन्द्रमा लैजान आवश्यक व्यवस्थापन मिलाउने।

परिच्छेद-४

विविध

८. **अनुगमन मूल्याङ्कन**: विद्यार्थीद्वारा संकलित फोहोरमैलाको उचित रुपमा संकलन, वर्गिकरण र तोकिए अनुसार व्यवस्थापन गरे नगरेको अनुगमन गर्ने दायित्व फोहोरमैला व्यवस्थापन प्राविधिक समिति वा सो समितिले तोकेको व्यक्तिको हुनेछ।

९. **बाधा अड्काउ फुकाउन सक्ने**: यस कार्यविधिको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ आई परेमा त्यस्तो बाधा अड्काउको अवस्थालाई गाउँ कार्यपालिकाले निर्णय गरी फोहोर व्यवस्थापन कार्यलाई सहजीकरण गर्न सक्नेछ।

१०. **संशोधन**: यस कार्यविधिमा संशोधन गर्नु परेमा फेदीखोला गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।